# स्थानीय राजपत्र

**बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड :-८ संख्या :-१ मिति :-२०८२/०३/०४**


## भाग- २

## रोजगार रणनीति २०८० (पहिलो संसोधन सहित )

नेपालको संविधानमा उल्लेख भएको संघीय शासन व्यवस्था बमोजिम स्थापना भएका ७५३ वटै स्थानीय तहहरुले आर्थिक तथा संस्थागत सशक्तिकरणका लागि आ-आफ्ना आवश्यकता र मागको परिपूर्तिका आधारमा विभिन्न ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका तथा योजनाहरु निर्माण गरी कार्यान्वयन गर्न पाउने अधिकार राख्दछन् । सोही अधिकारलाई कार्यान्वयनका लागि अल्पकालिन, मध्यकालिन र दिर्घकालिन रुपमा बिभिन्न नीति, योजना, बजेट तथा कार्यक्रमहरु लागु गरिरहेको वर्तमान अवस्थामा यस गाउँपालिकाले आर्थिक रुपले पछाडि परेका विपन्न, हिंसा पिडित तथा बेचविखनमा परेका महिला, विपन्न तथा असहाय बालबालिका र न्यून आय भएका नागरिकहरुको आर्थिक सशक्तिकरणका माध्यमबाट रोजगारीका अवसरहरु सिर्जना गरी उनीहरुको गरीवीपनलाई घटाउँदै गुणस्तरीय जीवनयापनमा सहयोग पुगोस् भन्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धी प्रचलित कानूनले निर्दिष्ट गरेका प्रावधानहरुलाई आधार मानी यो रोजगार रणनीति निर्माण गरिएको हो । गाउँपालिकाभित्र रहेका सरकारी, नीजि, सहकारी तथा गैरसरकारी संघसंस्थाहरुको संयुक्त लगानीबाट गाउँपालिकाको आन्तरिक अर्थतन्त्र मजबुत तथा रोजगारमूलक कार्यशैलीबाट निर्माण गरी आयआर्जन, रोजगारी र आन्तरिक उत्पादनमा अभिवृद्धि गर्ने गरी पालिकाको अर्थतन्त्रमा स्थायीत्व कायम गर्ने उद्देश्यले यो रणनीति तयार गरिएको यस परिपेक्ष्यमा म अत्यन्तै खुशी छु । यो पञ्चवर्षीय रोजगार रणनीति (२०८१-२०८५) निर्माणमा सहभागी भई सहयोग गर्नु हुने यस गाउँपालिकाका उपाध्यक्ष श्री बिष्नादेवी बम ज्यू लगायत सवै जनप्रतिनिधि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत श्री भरत बहादुर चन्द ज्यू, रोजगार संयोजक तथा रोजगार सेवा केन्द्र, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, सवै शाखाका शाखा प्रमुखहरुप्रति धन्यवाद छ ।

यस रणनीतिको मस्यौदा तयारीमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रोएक्टिभ मिडिया डेभलपमेण्ट एण्ड रिसर्च सेण्टर परिवारप्रति आभार व्यक्त गर्दछु । साथै आवश्यक सूचना उपलव्ध गराई सहयोग गर्नु हुने सम्पूर्ण व्यवसायी, संघसंस्थाका प्रतिनिधिहरु, सूचनादाताहरुलाई पनि धन्यवाद दिन चाहान्छु ।रणनीति निर्माणमा यहाँहरुले गर्नु भएको योगदानको उच्च मुल्याङ्कन गर्दै अव यस रणनीतिको कार्यान्वयनमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरिदिन हुन हार्दिक अपील गर्दछु ।

कमल बहादुर गड्सिला
अध्यक्ष

बोगटान फुडसिल गाउँपालिकाको रोजगार रणनीति

## खण्ड १ : रणनीतिक सन्दर्भ :

१.१ पृष्ठभूमि
१.२. रणनीतिको औचित्य/आवश्यकता
१.३. अध्ययन बिधि
१.४. सिमा

## खण्ड २ : बर्तमान अवस्था बिश्लेषण

## खण्ड ३ : रणनीतिक बिश्लेषण

(क) प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी भएका व्यक्तिहरुको बिवरण
(ख) गाउँपालिकाभित्र रहेका सहकारी संस्थाहरुको बिवरण

## खण्ड ४ : रणनीतिक बिषय

४.१. रोजगार रणनीतिका सिद्धान्तहरु :
४.२. रणनीतिक सवालहरु
४.३. सोच, ध्येय र उद्देश्यहरु
४.४. रणनीतिक लक्ष्य
४.५. रणनीतिले समेटेका रोजगारीका क्षेत्रहरु

## खण्ड ५ : रणनीति र कार्यनीतिहरु

५.१. रणनीतिहरु
५.२ कार्यनीति

## खण्ड ६ : रणनीति कार्यान्वयनको कार्ययोजना

## खण्ड ७ : बिबिध

७.१. स्रोत परिचालन र वजेट व्यवस्थापन
७.२ रणनीतिको निर्देशक समिति, अनुगमन र मूल्याङ्कन सम्वन्धी व्यवस्था
७.३ रोजगार सेवा केन्द्रको जनशक्ति सम्वन्धी व्यवस्था
७.४. जोखिम व्यवस्थापन
७.५. रणनीतिको पुनरावलोकन
७.६. अन्तिम मूल्यांकन :
७.७. अपेक्षित प्रतिफल

**अनुसूचीहरु**

## खण्ड १ : रणनीतिक सन्दर्भ :

### १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १७ मा श्रमप्रतिको अवहेलना गर्न नहुने, धारा १८ को उपधारा (४) ले समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गर्न नहुने, धारा १९ को उपधारा (१) ले श्रमप्रति अवहेलना, जातीय छुवाछुत एवम् लैङ्गिक भेदभाव नहुने व्यवस्था गरेको छ । नेपालको संविधानको मौलिक हक अन्तरगत धारा ३३ मा रोजगारीको हकको व्यवस्था गरिएको छ । जसमा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने र प्रत्येक नागरिकले रोजगारी छनौट गर्न पाउने व्यवस्था गरेको छ । यस्तै धारा ३४ ले श्रमको हकको व्यवस्था गरेको छ । जसमा उचित पारिश्रमिक र सामाजिक सुरक्षा सहितको श्रमको हक हुने व्यवस्था गरेको छ ।

संबिधानको धारा ५१ मा श्रम र रोजगार सम्बन्धी नीतिको व्यवस्था रहेको छ । सो नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष, व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने तथा मर्यादित श्रम, सबै श्रम शोषणको अन्त्य गर्ने लगायत वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गर्ने लक्ष्य लिएको छ । सरकारले श्रम तथा रोजगारीका विषयलाई व्यवस्थित गर्न वैदेशिक रोजगार नीति, २०६८, राष्ट्रिय रोजगार नीति, २०७१, राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ लगायतका नीति जारी गरेको छ । उक्त नीतिहरुले श्रम तथा श्रमिकको मर्यादा तथा सुरक्षाका विषयलाई प्राथमिकता दिएको छ ।

श्रम तथा श्रमिकको अधिकार र सुरक्षाका सम्बन्धमा बोनस ऐन, २०३९, ट्रेड युनियन ऐन, २०४९, वालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६, वैदेशिक रोजगार ऐन, २०६४, श्रम ऐन, २०७४, योगदानमा आधारिक सामाजिक सुरक्षा ऐन, २०७४ र रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी भई कार्यान्वयनमा आएका छन् । यि सवै कानुनी व्यवस्थाहरुले हरेक नागरिकको श्रम र रोजगारीको अधिकारलाई व्यवस्थित गरेको छ । एकिकृत रोजगार केन्द्र सेवा सञ्चालन कार्यविधि, २०८० मा रोजगार रणनीतिको बिषय उल्लेख गरिएको छ ।

यिनै कानूनी व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि स्थानीयस्तरमा समेत रोजगार सम्वन्धी रणनीति तय गरी लागु गर्नु पर्ने भएको हुँदा डोटीको बोगटान फुड्सिल गाउँपालिकाले पाँच बर्षीय रोजगार रणनीति निर्माण गर्न लागेको हो ।

### १.२. रणनीतिको औचित्य/आवश्यकता

स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना हुन नसक्दा गाउँपालिकाको श्रमयोग्य जनशक्ति रोजगारीका लागि बाहिर जानु पर्ने अवस्था छ । तिमध्ये कतिपय देशभित्रै अन्य ठाउँहरुमा र अधिकांश भारतका बिभिन्न शहरहरुमा जान बाध्य छन् । रोजगारीको उचित व्यवस्थापन हुन नसक्दा करीव ३ हजार युवाहरु रोजगारका लागि भारतमा छन् । गाउँपालिकाभित्रै बिभिन्न क्रियाकलापहरु गरेर स्वरोजगार हुन सक्ने अवस्था नभएको भने होईन तर सामाजिक प्रतिष्ठाकै कारण र अरुको देखासिखीमा लागेर युवाहरु विविध कष्टहरु सहेर पनि वैदेशिक रोजगारीमा जाने गरेको वर्तमान अवस्था छ ।

यसले गर्दा गाउँमा श्रमयोग्य जनशक्तिको अभाव हुने गरेको छ। श्रमयोग्य जनशक्ति मात्रै हैन, गाउँमा हुने सामाजिक क्रियाकलापहरुमा समेत सहयोग गर्ने व्यक्ति नहुने गरेको छ । पुरुषहरु रोजगारीका लागि भारत तथा तेश्रो मुलुकमा जाने भएपछि महिला र जेष्ठ नागरिकहरुको कार्यवोझ बढेको देखिन्छ ।

नेपालको १५ औं योजनाले रोजगारीसँग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनिकरण, सामाजिक सुरक्षा, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने लगायतका विषयलाई प्राथमिकता दिएको छ । सोही अनुसार गाउँपालिकाले आवधिक योजनामा पनि स्थानीय उत्पादनलाई बृद्धि गर्ने उद्देश्य राखेको छ । गाउँपालिकाले नीति तथा कार्यक्रममार्फत पनि स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने खालका योजना तय गर्ने प्रयास गर्दै आएको छ ।

यि प्रयासहरुलाई व्यवस्थित गर्नका लागि रणनीतिक रुपमा ठोस योजना वनाई स्थानीयस्तरमा रोजगारी प्रवर्द्धन गर्न श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मापदण्ड बनाउने, बेरोजगारहरुको सीप तथा क्षमता विकास गर्न, उपलव्ध रोजगारीका अवसरमा सबै जाती तथा वर्णलाई समावेशी अवसर सिर्जना गर्नु पर्ने भएको हुँदा यस रणनीतिको आवश्यकता महसुस गरिएको हो ।

## १.३. अध्ययन बिधि

१.३.१. **सरोकारवालाहरुसग अभिमूखीकरण** : गाउँपालिकाको रणनीतिक योजना निर्माण गर्नका लागि स्थानीय अवस्थाको बिश्लेषण आवश्यक हुन्छ । रणनीतिक योजना तयार गर्ने क्रममा गाउँपालिकाको रोजगारीको बर्तमान अवस्था र भावी सम्भावनाको बिषयमा अध्ययन गरिएको थियो । अध्ययनका क्रममा गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरु, गाउँपालिका अन्तरगतका शाखाहरु र सरोकारवालाहरुसंग एक दिने अभिमूखीकरण गरिएको थियो । सो अभिमूखीकरण आयोजना गरिएको थियो ।

१.३.२. विज्ञ सहजकर्ता छनौट : रणनीतिको मस्यौदा तयारीमा कानुनी र भाषागत रुपमा सहयोग गर्नका लागि गाउँपालिकाले प्रोएक्टिभ मिडिया डेभलपमेण्ट एण्ड रिसर्च सेण्टरसंग सम्झौता गरी बिज्ञ सहजकर्ता छनौट गरिएको थियो ।

१.३.३. **रोजगारदाताहरुसंग छलफल** : गाउँपालिकाभित्र रोजगारीको बर्तमान अवस्था, रोजगारीका सम्भावनाहरु, स्वरोजगारीका क्षेत्रहरुको बिषयमा रोजगारदाताहरुसंग छलफल गरिएको थियो । यस क्रममा एक सर्वेक्षण फाराम भरी उनीहरुबाट आवश्यक सूचना संकलन गरिएको थियो ।

१.३.४. **वडास्तरमा आधारभूत सर्वेक्षण फारम मार्फत तथ्यांक संकलन** : यस अन्तरगत एक फाराम तयार गरी रोजगारीको अवस्थाको तथ्याङ्क संकलन गरिएको थियो ।

१.३.५ **सरोकारवालाहरुको धारणा संकलन** : गाउापालिकाभित्रका रोजगारीसंग सरोकार राख्ने व्यक्तिहरुको धारणा बुझ्नका लागि उनीहरुसंग छलफल गरिएको थियो । छलफलका क्रममा एक फाराम तयार गरी उनीहरुबाट सुझावहरु संकलन गरिएको थियो ।

१.३.६. **दस्तावेजहरु अध्ययन** : नेपालको संबिधानमा श्रम तथा रोजगारी सम्वन्धी व्यवस्था, श्रम र रोजगारी सम्वन्धी संघीय सरकारले निर्माण गरेका बिभिन्न ऐन, नियम, कार्यबिधि, नीति तथा

रणनीतिको अध्ययन गरी गाउँपालिकाको रोजगार रणनीति निर्माणका लागि सन्दर्भ सामग्रीको रुपमा दिईएको छ ।

१.३.७. **प्रारम्भिक तथ्यांक विश्लेषण** : आधारभुत सर्वेक्षण र दस्तावेज अध्ययनबाट प्राप्त तथ्याङ्कहरुको तथ्याङ्कीय बिश्लेषण बिधिद्वारा बिश्लेषण गरिएको थियो ।

१.३.८. **रणनीतिको मस्यौदा तयारी** : प्रारम्भिक सूचना संकलन र दस्तावेज अध्ययनको आधारमा गाउँपालिकाको पञ्चबर्षीय रणनीतिकको मस्यौदा तयार गरिएको थियो ।

१.३.९. **मस्यौदामाथी छलफल** : गाउँपालिकामा एक कार्यशालाको आयोजना गरि मस्यौदामाथी छलफल गरिएको थियो ।

१.३.१०. **रणनीतिलाई अन्तिम रुप** : मस्यौदामाथी छलफल गर्न आयोजना गरिएको कार्यशालाबाट आएका सुझावहरु समावेश गरी रणनीतिलाई अन्तिम रुप दिईएको थियो ।

१.४. **सिमा** : यो रणनीतिक योजनामा उल्लेखित मार्गदर्शन तथा सैदान्तिक अवधारणा बमोजिम तर्जुमा गरिएका पञ्चवर्षीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रममार्फत सिर्जना हुने रोजगारीका सम्भावित अवसरहरुको लागि छनौट भएका कामदार तथा जनशक्तिहरुलाई प्रचलित मापदण्ड बमोजिमको सेवा सुविधा बाहेक अन्य सेवा सुविधाहरु दावी गर्न मनासिव देखिने छैन ।

बोगटान फुडसिल गाउँपालिकाको रोजगार रणनीति (२०८१-२०८५)

## खण्ड २ : बर्तमान अवस्था बिश्लेषण

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कुल जनसंख्या २९१६४५७८ छ। जसमध्ये पुरुषको जनसंख्या १४२५३६६१ र महिलाको जनसंख्या १४९११०२७ रहेको छ। लैङ्गिक अनुपात हेर्दा १०० जना महिलामा पुरष ९५.५९ रहेको छ। जनगणना अनुसार नेपालमा श्रमयोग्य जनशक्ति (१५-५९ बर्ष) १८०७१६८५ रहेको छ। यो संख्या देशको कुल जनसंख्याको ३६.२७ प्रतिशत हो। २०७८ सालको जनगणना अनुसार यस बोगटान फुड्सिल गाउँपालिकाको कुल जनसंख्या १५५४० रहेको छ। जसमा महिला ८२८१ र पुरुष ७२५९ रहेका छन्। यस गाउँपालिकाको कुल परिवार संख्या ३१६२ रहेको छ। परिवारको औषत आकार ४.९१ रहेको छ। यस गाउँपालिकाको लैङ्गिक अनुपात ८७.६६ रहेको छ। गाउँपालिकाको जनघनत्व ५२ रहेको छ।

गाउँपालिकाको पार्श्वचित्र, २०७५ अनुसार यस गाउँपालिकाको श्रमयोग्य जनसंख्या (१९-५९) ८७३१ रहेको छ। जसमा महिला संख्या ४४८५ र पुरुष संख्या ४२४६ रहेको छ। स्थानीयस्तरमा रोजगारीका अवसर नहुँदा अधिकांश पुरुषहरु रोजगारीका लागि देशकै अन्य भागहरु र भारत तथा तेश्रो मुलुकमा जाने गरेका छन्। उक्त पार्श्वचित्र अनुसार नौकरीमा १०१८, उद्योग व्यापारमा २२०, ज्यालामजदुरीमा २१२ र रोजगारीका लागि भारत तथा तेश्रो मुलुकमा गएकाहरुको संख्या ११७७ रहेको देखिएको छ। तथ्याङ्कले व्यरोजगार जनसंख्या ६०२ जना देखाएको छ।

गाउँपालिकाका वडा कार्यालयहरुबाट आएको सूचना अनुसार कृषि (तरकारी, फलफुल, मसाला, अन्नवाली, दलहन खेती) पशुलापन (बाख्रा, भैसी, कुखुरा, बंगुर), माहुरी पालन, होटेल व्यवसायी, यातायात, बिद्यालय, स्वास्थ्य संस्था, भौतिक पूर्वाधार निर्माण, गैरसरकारी संस्था, व्यापार व्यवसाय, लघु जलबिद्युत, लघु उद्योग, आरन व्यवसायमा रोजगारी प्राप्त गरेका छन्। रोजगारीको अवस्था हेर्दा शिक्षा सेवा, स्वास्थ्य सेवा, गैसस, गाउँपालिका लगायतका औपारिक क्षेत्रलाई मात्रै प्राथमिकता दिएको देखिन्छ। गाउँपालिकाले सञ्चालन गरिरहेको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत बिशेषगरी महिलाहरुका लागि अल्पकालीन रोजगारी सिर्जना भएको देखिन्छ। स्वरोजगार र अनौपचारिक क्षेत्रले सिर्जना गरेको रोजगारीलाई प्राथमिकता नदिने गरेको देखिन्छ। गाउँपालिकाभित्र पशुपालन, तरकारी खेती, च्याँउ खेती, फलफुल खेती, मसाला खेती, भौतिक पूर्वाधार निर्माण, गैरसरकारी संस्था, सरकारी निकायहरु, लघु उद्योग, जडीबुटी संकलन, स्थानीय उत्पादनको प्रवर्द्धन, महुरी पालनको क्षेत्रमा गाउँपालिकाबासीलाई स्वरोजगार वनाउन सकिने देखिन्छ।

गाउँमा सिर्जना हुने रोजगारीका प्रवल सम्भावनाहरुलाई वेवास्ता गर्दै गाउँपालिकाबासीहरु रोजगारीका लागि भारत तथा तेश्रो मुलुकमा जाने प्रबृत्ति बढ्दो देखिएको छ। सामाजिक प्रतिष्ठा, अरुको देखासिखी र स्वदेशमा कामको सम्मान नहुने भन्दै रोजगारका लागि गाउँ बाहिर जान थालेका छन्।

गाउँपालिकाले श्रमयोग्य उमेरको जनसंख्यालाई सीप विकास तथा आयआर्जन सम्वन्धी तालिम दिई स्वरोजगार वनाउन सकिने सम्भावना प्रवल देखिएको छ। दक्ष जनशक्ति नहुँदा गाउँपालिकाभित्र हुने निर्माण कार्यका लागि डकर्मी, शिखर्मी, सिमेण्टको काम गर्ने, फलामको काम गर्ने मजदुरहरु बाहिरबाट ल्याउनु पर्ने अवस्था छ। यसका लागि गाउँपालिकाले आवश्यक रणनीति तयार गरी आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्न सक्ने देखिन्छ। यसका साथसाथै यस गाउँपालिकामा स्थानीयस्तरमा

अल्लो प्रसोधन, बैज्ञानिक कृषि प्रणाली, माहुरी पालन, स्थानीय लघु उद्योग सञ्चालनका लागि जनशक्ति उत्पादन गर्नु पर्ने आवश्यकता रहेको छ ।

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ ले गाउँपालिकाले वेरोजगार व्यक्तिहरुलाई रोजगार प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ । यस ऐन अनुसार गाउँपालिकामा एक रोजगार सेवा केन्द्र रहने व्यवस्था छ । बेरोजगार व्यक्तिहरुले सो रोजगार सेवा केन्द्रमा निवेदन दिनु पर्ने, रोजगार सेवा केन्द्रले रोजगारदाताहरुको बिवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । यस्तै ऐनले गाउँपालिकाले वेरोजगार सहायता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरेको छ ।

रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ ले गाउँपालिकामा स्थानीय निर्देशक समिति गठन हुने, रोजगार व्यवस्थापन सूचना प्रणाली वनाउनु पर्ने, गाउँपालिकाले रोजगार सम्वन्धी कार्यबिधि वनाउन सक्ने व्यववस्था गरेको छ ।

राष्ट्रिय रोजगार नीति, २०७१ ले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न जोड दिईने कुरा उल्लेख गरेको छ । श्रमको सम्मान–राष्ट्रको अभियान रणनीति, २०७८ अनुसार "**स्थानीय सरकार, रोजगारीको आधार**" भन्ने नारा सहित रोजगारी प्रवर्द्धनका लागि तीनै तहका सरकारहरुले समन्वय गर्ने कुरा उल्लेख गरेको छ ।

यि सबै जिम्मेवारीहरुलाई कार्यान्वयन गर्न गाउँपालिकाले एक कार्यबिधि निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

बोगटान फुडसिल गाउँपालिकाको रोजगार

## खण्ड ३ : रणनीतिक बिश्लेषण

(क) प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी भएका व्यक्तिहरुको बिवरण

| आर्थिक बर्ष | रोजगारी प्राप्त गर्नेको संख्या | तालिम प्राप्त गर्नेको संख्या |
|---|---|---|
| ०७६/०७७ | २११ | ६२२ |
| ०७७/०७८ | ३४४ | ५२२ |
| ०७८/०७९ | १२८ | ७२२ |
| ०७९/०८० | १४४ | ७१३ |

(ख) गाउँपालिकाभित्र रहेका सहकारी संस्थाहरुको बिवरण

| क.स. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता मिति | मुख्य कारोवार | सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा |
| १ | सिमचौर साना किसान कृषि सहकारी संस्था लिमिटेड | बोगटान फुड्सिल गाउँपालिका-१, छिडिखान | २०७०/०३/२३ | बचत तथा ऋण | ३३५ | ३११ | ६४६ |
| २. | मालतोडे बचत तथा ऋण सहकारी संस्था लि. | बोगटान फुड्सिल गाउँपालिका-४, सातफरी | २०६८/०९/२९ | बचत | ७७ | १७३ | २५० |
| ३. | एकता बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | बोगटान फुड्सिल गाउँपालिका-५, धिर्कामाण्डौं | ०७१/०७२ | बचत तथा ऋण | | | ५८२ |
| ४. | नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लिमिटेड | फुड्सिल गाउँपालिका-५, धिर्कामाण्डौं | ०६८/०६९ | बचत तथा ऋण | १८१ | ११९ | ३०० |
| ५. | जनता कृषि सहकारी संस्था लिमिटेड | फुड्सिल गाउँपालिका-६, गगुडा | २०७६/०९/०९ | कृषि, फलफुल तथा बिउबिजन | १४१ | ८५ | २२६ |
| ६. | जनज्योती बचत तथा ऋण सहकारी संस्था लिमिटेड | फुड्सिल गाउँपालिका-७, चवराचौतारा | २०६९/११/२० | बचत | ६३ | ९९ | १६२ |
| ७. | सम्पदा अर्गानिक उत्पादन तथा व्यवस्थापन कृषि सहकारी संस्था लिमिटेड | फुड्सिल गाउँपालिका-७, चवराचौतारा | २०७८/०९/२१ | कृषि | | | |

## खण्ड ४ : रणनीतिक बिषय

यस बोगटान फुड्सिल गाउँपालिकाको ७ वटै वडाहरुमा एउटै खालको भौगोलिक अवस्थाहरु छ । यस पालिकाको भौगालिक विकटताका बाबजुत स्थानीयस्तरमा रोजगारी सिर्जना गरी श्रमयोग्य जनशक्ति पालिकाभित्र रोक्न सकिने सम्भावना छ । तर पनि यो समस्या समाधान निकै कठिन छ ।

### ४.१. रोजगार रणनीतिका सिद्धान्तहरु :

१. गरिबीको रेखामुनी रहेका घर परिवारलाई लक्षित गरिएको ।
२. स्थानीय तहमा रोजगारी सिर्जनालाई प्राथमिकता दिईएको ।
३. स्थानीय स्रोत साधनको उच्चतम् उपयोगमा जोड दिईएको ।
४. साझेदारी र सहकार्यको अवधारणालाई आत्मसात गरिएको ।
५. वेरोजगारहरुको क्षमता विकासमा जोड दिने गरी कार्यनीति निर्धारण गरिएको ।
६. बेराजगारी न्यूनिकरण तथा रोजगारीको दिगोपनाको सोच राखिएको ।
७. संस्थागत व्यवस्था गरिएको ।
८. बित्तीय स्रोतको सुनिश्चिता गरिएको ।

### ४.२. रणनीतिक सवालहरु

यस गाउँपालिकाको रोजगारीका क्षेत्रमा रणनीतिक सवालहरु तपसिल बमोजिम रहेका छन ।

- वास्तविक बेरोजगारहरुको पहिचान हुन नसक्नु
- उत्पादनमूलक क्षेत्रमा लगानीको अभाव र समस्याहरु
- श्रम बजारमा सूचना प्रणालीको अभाव र व्यवस्थापन
- शिक्षाको कमजोर अवस्था
- सीप विकासको अभाव
- बैदेशिक रोजगारीको अभाव
- अतिबृष्टि र अनावृष्टि

### ४.३. सोच, ध्येय र उद्देश्यहरु

सोच : "विकासका पूर्वाधार निर्माण, स्थानीय उत्पादनमा बृद्धि र व्यवस्थित वजार, उचित ज्याला सहित श्रमको सम्मान रोजगारीको आधार"

दुरदृष्टि : स्थानीय उत्पादकत्वमा बृद्धि गरि रोजगारी सिर्जना गर्दै गाउँपालिकालाई आत्मनिर्भर वनाउने ।

उद्देश्य :

- उत्पादनशील र मर्यादित  रोजगारीका अवसरमा बृद्धि गर्नु
- बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित वनाउनु
- स्थानीयस्तरमा दक्ष प्रतिस्पर्धी र उद्यमशिल मानवीय स्रोत विकास गर्नु

बोगटान फुड्सिल गाउँपालिकाको रोजगार रणनीति (२०८१–०८२)

- नागरिकलाई व्यवसायिक सीप विकास गर्दै स्वरोजगार निर्माण गर्नु
- सवै प्रकारका श्रम शोषणको अन्त्य गर्नु
- रोजगारमैत्री लगानी प्रोत्साहन गर्नु

**४.४. रणनीतिक लक्ष्य**

मर्यादित श्रमको सुनिश्चितता गरी उत्पादनशिल रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने ।

**४.५. रणनीतिले समेटेका रोजगारीका क्षेत्रहरु**

१. कृषि, पुशपालन तथा बन पैदावार क्षेत्र
२. निर्माण क्षेत्र
३. पर्यटन क्षेत्र
४. उद्यमशिलता
५. सेवा प्रवाह क्षेत्र (व्यापार व्यवसाय)
६. उद्योग क्षेत्र
५. बैदेशिक रोजगार
६. बित्तीय क्षेत्र

बोगटान फुडसिल गाउँपालिकाको रोजगार रणनीति (२०८१–०८७)

## खण्ड ५ : रणनीति र कार्यनीतिहरु

### ५.१. रणनीतिहरु

१. रोजगारीका अवसरहरुमा बृद्धि गर्न रोजगार सम्वद्ध सरोवारवालाहरु र सम्भावित क्षेत्रहरुको पहिचान गर्ने ।

२. बेरोजगार युवाहरुको सीप र क्षमता विकास गरी श्रम बजारमा प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।

३. बेरोजगार व्यक्तिहरुको पहिचान गरी उनीहरुलाई रोजगारीका अबसरमा संलग्न गराउन रोजगार सेवा केन्द्रलाई सक्षम र सबल वनाउने ।

४. आन्तरिक रोजगारीका अवसरहरुमा भेदभाव रहित पहुँचका लागि क्षमता विकास गर्ने ।

५. बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने ।

६. स्थानीय स्रोत साधनको प्रयोग गरी उद्यमशिलताको विकास र प्रवर्द्धनमार्फत स्वरोजगार वनाउने ।

७. श्रम तथा रोजगार सम्वन्धी आवश्यक तथ्याङ्क संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने ।

८. स्थानीयस्तरमा उपलव्ध सीप र कच्चा पदार्थको उच्चतम् प्रयोग गरी साना तथा लघु उद्योग सञ्चालन गर्ने वातावरण मिलाउने ।

### ५.२ कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. रोजगारीका अवसरहरुमा बृद्धि गर्न रोजगार सम्वद्ध सरोवारवालाहरु र सम्भावित क्षेत्रहरुको पहिचान गर्ने । | ● आन्तरिक रोजगारीका सम्भावित क्षेत्रहरु पहिचान र रोजगार सम्वद्ध सरोकारवालाहरुको नक्साङ्कन गरिनेछ ।<br>● गाउँपालिकाले सञ्चालन गर्ने पूर्वाधार निर्माणका योजनाहरुलाई रोजगारीसंग जोडिनेछ ।<br>● स्थानीयस्तरमा रोजगारीको अधिकतम् अवसर सिर्जना गर्नका लागि अन्तर-सरकार सहकार्य र समन्वय गरिनेछ ।<br>● सरकारी, नीजि, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय, सहकार्य र साझेदारीमा रोजगारीका थप अवसर सृजना गरिनेछ ।<br>● संघ र प्रदेश सरकारसंगको सहकार्य र समन्वयमा गाउँपालिकाभित्र उद्योगहरु सञ्चालन गर्न पहल गरिनेछ ।<br>● स्थानीयस्तरमा रोजगारी सिर्जना सम्वन्धी कार्यलाई एकिकृत एवं व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पर्ने नीति, कानुन तथा योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । |
| २. बेरोजगार युवाहरुको सीप र क्षमता विकास गरी श्रम बजारमा प्रतिस्पर्धी | ● दक्ष एवं सीपयुक्त जनशक्ति तयार गर्नका लागि बिद्यालय तहदेखिनै प्राविधिक तथा व्यवहारिक शिक्षामा जोड दिईनेछ ।<br>● बैदेशिक रोजगारका लागि जाने युवाहरुलाई सम्वन्धित मुलुकको श्रम बजारको माग अनुसार सीपमुलक तालिम सञ्चालन गरी दक्ष जनशक्ति तयार गरिनेछ । |

| | |
|---|---|
| जनशक्ति तयार गर्ने । | ● संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने व्यवसायिक तथा सीपमूलक तालिमको पाठ्यक्रममा एक रुपता ल्याइनेछ ।<br>● व्यवसायिक तथा सीपमूलक तालिमको सञ्चालनमा एकरुपता र प्रभावकारिता सुनिश्चित गरिनेछ ।<br>● एकिकृत सीप विकास तालिम सूचना प्रणालीको विकास गरी सरोकारवालाबीच समन्वय र सहकार्य गरिनेछ ।<br>● स्थानीयस्तरमा अधिकतम् रोजगारी सिर्जना हुने गरी कृषि क्षेत्रमा आधुनिकीकरण र व्यवसायिकीकरण गर्न सिंचाई, बिद्युतीकरण, कृषि सडक, कृषि प्रविधि र उपकरणमा पहुँच बिस्तार गरिनेछ ।<br>● निर्माण क्षेत्रमा आवश्यक पर्ने जनशक्ति स्थानीयस्तरमै उपलव्ध हुने गरी प्लम्वर, ईलेक्ट्रिसियन, पेण्टिङ्ग, सिकर्मी, डकर्मी लगायत आवश्यक तालिमहरु सञ्चालन गरी दक्ष जनशक्ति तयार गरिनेछ ।<br>● पर्यटन क्षेत्रलाई रोजगारीको आधार बनाउनका लागि पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र बिस्तार गरी पर्यटन व्यवसायका लागि आवश्यक जनशिक्त र पूर्वाधारहरु तयार गर्न बिभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रसंग सहकार्य र समन्वय गरिनेछ ।<br>● दक्ष जनशक्ति तयार गरी स्वरोजगार वनाउन बिभिन्न रोजगारमुलक एवं सीपमुलक तालिम सञ्चालनका लागि स्थानीय स्वरोजगार कोषको स्थापना गरिनेछ ।<br>● स्थानीयस्तरको रोजगारी प्रवर्द्धनका सम्बन्धमा अध्ययन अनुसन्धान गरिनेछ । |
| ३. बेरोजगार व्यक्तिहरुको पहिचान गरी उनीहरुलाई रोजगारीका अबसरमा संलग्न गराउन रोजगार सेवा केन्द्रलाई सक्षम र सबल वनाउने । | ● अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपाचारिक क्षेत्रमा रुपान्तरण गर्न बिभिन्न रोजगारमैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>● रोजगार सेवा केन्द्र र कर्मचारीको क्षमता विकास एवं सुदृढिकरण गरी रोजगार बिनिमय सेवा सञ्चालन गरिनेछ ।<br>● रोजगारसंग सम्वन्धित बिभिन्न योजना, कार्ययोजना र कार्यनीतिहरु तर्जुमा गरिनेछ ।<br>● बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट एकिकृत श्रम रोजगारमुलक सेवा उपलब्ध गराईनेछ ।<br>● स्थानीय एवं राष्ट्रियस्तरका रोजगारीका अवसरहरुको सूचना गाउँपालिकाको वेवसाईटमार्फत सार्वजनिक गरिनेछ ।<br>● बिभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरुमा बेरोजगार व्यक्तिलाई न्यूनतम् रोजगारी प्रदान गर्न आवश्यक समन्वय गरिनेछ ।<br>● संघ र प्रदेश सरकारसंगको साझेदारीमा रोजगार प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | ● रोजगारी सिर्जनाका लागि रोजगार केन्द्रको संस्थागत विकासमा जोड दिईनेछ ।<br>● गाउँपालिकाभित्र सञ्चालन हुने सीपमुलक तथा रोजगार मुलक तालिहरुलाई एकद्वार प्रणाली अपनाई रोजगार केन्द्रमार्फत मात्र सञ्चालन गरिनेछ ।<br>● बेरोजगार व्यक्तिहरुलाई सूचिकृत गरी उनीहरुलाई बिभिन्न सीपमुलक तालिमहरु सञ्चालन गरिनेछ ।<br>● महिलाहरुलाई श्रम बजारमा प्रवेश गराउन उनीहरुको सीप तथा क्षमता विकासका लागि बिशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>● आन्तरिक रोजगारी, स्वरोजगार, बैदेशिक रोजगारी सम्वन्धी रोजगार सेवा केन्द्रमार्फत सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>● बिभिन्न निकायहरुबाट सञ्चालन हुने बैदेशिक रोजगार र सुरक्षित आप्रवासन सम्वन्धी कार्यक्रमको सञ्चालनमा समन्वय र सहजीकरण गरिनेछ । |
| ४. आन्तरिक रोजगारीका अवसरहरुमा भेदभाव रहित पहुँचका लागि क्षमता विकास गर्ने । | ● महिला र पुरुष समान कामको समान ज्यालालाई प्रभावकारी कार्यान्वयनका लागि दवावमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>● एकल महिला, दलित महिला, अपाङ्गता भएका व्यक्तिहरु र पछाडि पारिएको समुदायलाई लक्षित गरी रोजगारयोग्य कार्यक्रम सञ्चालन गरिनेछ ।<br>● रोजगारीको क्षेत्रमा देखिने लैङ्गिक, जातीय, भौगोलिक वा अन्य यस्तै प्रकारका भेदभावलाई न्यूनीकरण गर्न अभियान सञ्चालन गरिनेछ ।<br>● बालश्रम, बाध्यकारी श्रम लगायत श्रम शोषणको अन्त्य गर्न आवश्यक सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>● बालश्रम अन्त्यका लागि प्रभावकारी नीति तथा कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।<br>● श्रमिकलाई कानुन बमोजिम तोकिएको न्यूनतम् पारिश्रमिक उपलव्ध नगराउने रोजगारदातालाई आवश्यक कानूनी कारवाही गरिनेछ ।<br>● श्रमिकलाई कामको सिलसिलामा हुन सक्ने स्वास्थ्यजन्य समस्याको उपचार तथा कार्यस्थलमा हुने स्वास्थ्य जोखिम न्यूनीकरण गर्न श्रमिकहरुको औषधी उपचार खर्चको व्यवस्था गरिनेछ ।<br>● मानव अधिकार सम्वन्धी स्थानीय कार्ययोजना बनाई लागु गरिनेछ ।<br>● श्रमलाई मर्यादित बनाउँदै श्रमशक्तिको विविधताको अधिकतम् उपयोग गरिनेछ ।<br>● अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई योगदानमा आधारति सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षाको प्रत्याभूति गराईनेछ । |
| ५. बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, | ● सामाजिक सुरक्षासंग सम्वन्धित राष्ट्रिय कानून अनुसार बैदेशिक रोजगारीमा जाने श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराईनेछ । |

| | |
|---|---|
| मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने । | ● अन्तराष्ट्रिय श्रम बजारको अध्ययन अनुसन्धान गरी पेशा अनुसारको सीपको पहिचान सहित तालिमको मापदण्ड तयार गरिनेछ ।<br>● वैदेशिक रोजगारमा जान चाहनेलाई छोटो अवधीको व्यवसायिक तथा सीपमुलक तालिम प्रदान गरिनेछ ।<br>● बैदेशिक रोजगारमा जाने व्यक्तिहरुका लागि बैदेशिक रोजगारीमा भएका अवसर, चुनौती र सम्भावित जोखिमहरुको बिषयमा अभिमुकीकरण सञ्चालन गरिनेछ ।<br>● बैदेशिक रोजगारीमा समस्या भोगेर फर्किएका व्यक्तिहरुका लागि आवश्यकता अनुसारको सहयोग उपलव्ध गराई समाजमा पुनःस्थापना गरिनेछ ।<br>● बैदेशिक रोजगारीको क्रममा मृत्यु भएका, अङ्गभङ्ग भएका, बिरामी भएका व्यक्तिहरुको उद्दार, उपचार, राहात लगायतका लागि आवश्यक आर्थिक सहायता उपलव्ध गराउन पहल गरिनेछ ।<br>● बैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र नविकरणमा सहजीकरण गरिनेछ । |
| ६. स्थानीय स्रोत साधनको प्रयोग गरी उद्यमशिलताको विकास र प्रवर्द्धनमार्फत स्वरोजगार वनाउने । | ● युवाहरुलाई रोजगारमूलक, व्यवसायिक तथा सीपमूलक तालिम सम्बन्धी गाउँपालिकाको नीति र कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>● उद्यमशिलता सम्वन्धी तालिम सञ्चालन गरी युवाहरुलाई स्वरोजगार बनाईनेछ ।<br>● लघु उद्योग, घरेलु उद्योग तथा साना उद्योगको प्रवर्द्धन हुने गरी युवाहरुको प्रतिस्पर्धात्मक क्षमता विकासका लागि बिभन्न कार्यक्रम सञ्चालन गरिनेछ ।<br>● बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र अनुभवलाई गाउँपालिकाभित्रै कार्यान्वयनमा ल्याउन **"तपाईको सीप, हाम्रो सहयोग"** कार्यक्रम सञ्चालन गरिनेछ ।<br>● गाउँपालिकाले सहकारी संस्थाहरुको नक्साङ्कन गरी प्रत्येक नागरिकलाई सहकारी संस्थामा आवद्ध हुने वातावरण वनाईनेछ ।<br>● उद्यमशीलता विकासका लागि सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, बैङ्क तथा बित्तीय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन गरिनेछ ।<br>● बित्तीय क्षेत्र र गैरसरकारी संस्थाहरुको सहयोगमा बित्तीय साक्षरता र बित्तीय पहुँचमार्फत स्थानीय तहमा उद्यमशिलता प्रवर्द्धन गरिनेछ ।<br>● स्थानीय प्रविधि र परम्परागत सीपको उपयोग गरी स्थानीय उत्पादनमा बृद्धि गरिनेछ ।<br>● स्थानीयस्तरमा उत्पादित बस्तुहरुको बार्षिक रुपमा समर्थन मुल्य निर्धारण गरिनेछ । |

| | |
|---|---|
| | ● स्थानीय उत्पादनको बजारीकरणका लागि गाउँपालिकाबाट आवश्यक पहल गरिनेछ ।<br>● उद्यम व्यवसाय सञ्चालन गर्न चाहने युवाहरुलाई व्यवसायिक योजनाको आधारमा स्थानीय स्वरोजगार कोषबाट सहुलियतपूर्ण कर्जा उपलव्ध गराईनेछ ।<br>● सूचिकृत बेरोजगारहरुले उद्यम व्यवसाय सञ्चालन गर्न चाहेमा निशुल्क व्यवसाय दर्ता गरिनेछ ।<br>● कृषिलाई आकर्षक पेशाको रुपमा स्थापित गर्न **"उत्कृष्ठ कृषक सम्मान तथा पुरस्कार"** सञ्चालन गरिनेछ ।<br>● स्थानीय कृषि उत्पादनलाई स्थानीयस्तरमै प्रशोधन गरी बजारीकरण गर्ने व्यवस्था मिलाइनेछ ।<br>● कृषि र पशु बिमालाई प्रभावकारी बनाईनेछ । यसका लागि बिमाको महत्वबारे कृषकहरुलाई अभिमुखीकरण गरिनेछ ।<br>● कृषि र पशु पालन व्यवसायमा कृषकको प्राप्त गरेको नतिजाको आधारमा अनुदान दिइनेछ । |
| ७. श्रम तथा रोजगार सम्वन्धी आवश्यक तथ्याङ्क संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने । | ● गाउँपालिकाले बैदेशिक रोजगारी (भारत समेत) जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरी उनीहरुलाई परिचय पत्र जारी गरिनेछ र सो को अभिलेख दुरुस्त राखिनेछ ।<br>● बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न आवश्यक तथ्याङ्क संकलन गरिनेछ ।<br>● गाउँपालिकाभित्र सञ्चालित उद्यम, व्यवसाय, प्रतिष्ठान, कम्पनीहरु लगायत अन्य नीजि क्षेत्रको व्यवसायिक घरानाहरुमा रोजगारीमा रहेका व्यक्तिहरुको तथ्याङ्क संकलन गरिनेछ ।<br>● श्रमिक र रोजगारदाताहरुको सम्पूर्ण बिवरणहरु समावेश गरी श्रम तथा रोजगार र आप्रवासन प्रोफाईल तयार गरिनेछ । गाउँपालिकाका सवै घरधुरीको सर्वेक्षण गरी गरीव घरपरिवारको पहिचान गर्दै परिचय पत्र बितरण गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।<br>● नेपाल सरकारले कार्यान्वयनमा ल्याएको एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ । |
| ८. स्थानीयस्तरमा उपलव्ध सीप र कच्चा पदार्थको उच्चतम् प्रयोग गरी साना तथा लघु उद्योग सञ्चालन गर्ने | ● स्थानीय अल्लोलाई प्रशोधन गरी घरेलु उद्योग सञ्चालन गर्नमा सहयोग पुऱ्याईनेछ ।<br>● गाउँपालिकाभित्र उत्पादन हुने मसाला बालीहरुलाई प्रशोधन गरी बजारसम्म पुऱ्याईने व्यवस्था मिलाईनेछ ।<br>● स्थानीय सहकारी संस्थाहरुलाई स्थानीय स्रोत साधनमा आधारित साना तथा लघु उद्योग सञ्चालन गर्नका लागि प्रोत्साहित गरिनेछ । |

| | |
|---|---|
| वातावरण मिलाउने । | • गाउँपालिकाभित्र उपलव्ध जडिबुटी र स्थानीय उत्पादनलाई प्रशोधन गर्ने गरी साना तथा लघु उद्योग सञ्चालन गर्ने व्यक्ति तथा संस्थालाई प्रोत्साहान दिइनेछ ।<br>• गाउँपालिकाभित्रको कृषियोग्य बाँझो जमिनमा कृषि तथा जडीबुटी खेती गर्न प्रोत्साहन गरिनेछ । |

बोगटान फुडसिल गाउँपालिकाको रोजगार रणनीति (२०८१–०८५)

# खण्ड ६ : रणनीति कार्यान्वयनको कार्ययोजना

| क.स | रणनीति | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट | कार्यान्वयन बर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/ ०८२ | ०८२/ ०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
| १ | रोजगारदाताको तथ्याङ्क संकलन तथा अभिलेखन | गाउँपालिकाको रोजगार सेवा केन्द्र | गाउँपालिका | १लाख ५०हजार | ५०,००० | | ५०,००० | | ५०,००० |
| २ | उत्पादनमूलक क्षेत्रमा रोजगार कार्यक्रम लागु गर्ने | गाउँपालिका ,कृषि शाखा,पशुसाखा | गाउँपालिका | १करोड ५० लाख | ३०,००,००० | ३०,००,००० | ३०,००,००० | ३,००,०००० | ३०,००,००० |
| ३ | श्रमिक परिचालनका लागि निर्माण सामाग्री खरिद | गाउँपालिकाको रोजगार सेवा केन्द्र | गाउँपालिका | १५ लाख | ३,००,००० | ३,००,००० | ३,००,००० | ३,००,००० | ३,००,००० |
| ४ | बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा अभिलेखन | गाउँपालिकाको रोजगार सेवा केन्द्र | प्रधानमन्त्री रोजगार कार्यक्रम | २ लाख ५० हजार | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० |
| ५ | कार्यपालिका तथा विषयगत शाखासँग रोजगारीका क्षेत्र पहिचान, चुनौति तथा समाधानका उपाय सम्बन्धी अन्तरक्रिया कार्यक्रम | गाउँपालिकाको रोजगार सेवा केन्द्र | गाउँपालिका | ५ लाख | १,००,००० | १,००,००० | १,००,००० | १,००,००० | १,००,००० |
| ६ | श्रम तथा रोजगारसंग सम्वन्धित सूचना व्यवस्थापन | गाउँपालिकाको रोजगार सेवा केन्द्र | गाउँपालिका | २लाख | १,००,००० | | | | १,००,००० |
| ७ | वडा कार्यालय तथा जनप्रतिनिधिसँग रोजगार अभिवृद्धि गर्न अन्तरक्रिया कार्यक्रम | गाउँपालिकाको रोजगार सेवा केन्द्र | गाउँपालिका | ७लाख | १,५०,००० | १,००,००० | १,०००,००० | १,००,००० | १,५०,००० |
| ८ | सीप विकास तालिम सञ्चालन | गाउँपालिका, लघुउद्दम विकास कार्यक्रम सामाजिक बिकास शाखा | गाउँपालिका/सहयोगी निकायहरु | ५०लाख | १०,००,००० | १०,००,००० | १०,००,००० | १०,००,००० | १०,००,००० |
| ९ | स्थानीयस्तरको रोजगारी प्रवर्द्धनका सम्बन्धमा अध्ययन अनुसन्धान | गाउँपालिकाको रोजगार सेवा केन्द्र | गाउँपालिका | २ लाख | २,००,००० | | | | |
| १० | न्यूनतम रोजगारीको प्रत्याभूति हुने क्रियाकलापहरुलाई उत्पादनशिल रोजगारीमा आवद्ध | गाउँपालिकाको रोजगार सेवा केन्द्र | प्रधानमन्त्री रोजगार कार्यक्रम | १ करोड | २०,००,००० | २०,००,००० | २०,००,००० | २०,००,००० | २०,००,००० |
| ११ | हाते औजार तथा अन्य सामाग्री खरिद | गाउँपालिकाको रोजगार सेवा केन्द्र उद्यम विकास | | २५ लाख | ५ लाख | ५लाख | ५लाख | ५लाख | ५लाख |
| १२ | श्रमिक अभिमुखिकरण तालिम | गाउँपालिकाको रोजगार सेवा केन्द्र | प्रधानमन्त्री रोजगार कार्यक्रम | २लाख ५०हजार | ५० हजार | ५० हजार | ५०हजार | ५०हजार | ५०ह्जार |
| १३ | श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन कार्यक्रम | गाउँपालिकाको रोजगार सेवा केन्द्र | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४लाख | १ लाख | १लाख | १लाख | १लाख | १लाख |
| १४ | स्थानीय रोजगारदाताको आवश्यकतामा आधारित सीप तथा तालिम सञ्चालन | गाउँपालिकाको रोजगार सेवा केन्द्र,सामाजिक विकास शाखा | गाउँपालिका | १० लाख | २लाख | २लाख | २लाख | २लाख | २लाख |
| १५ | वैदेशिक रोजगारीको व्यक्तिगत श्रम स्वीकृतिका लागि रोजगार सेवा केन्द्रको दक्षता अभिवृद्धि | गाउँपालिकाको रोजगार सेवा केन्द्र | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५ लाख | १लाख | १लाख | १लाख | १लाख | १लाख |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | रोजगारमूलक व्यवसायिक तथा सीपमूलक तालिम सम्बन्धी गाउँपालिकाको नीति र कानून तर्जुमा | गाउँपालिकाको रोजगार सेवा केन्द्र | गाउँपालिका | २ लाख | २लाख | | | | |
| १७ | कृषिमा आधुनिकीकरण कार्यक्रम | गाउँपालिका,कृषि शाखा | गाउँपालिका/ अन्य साझेदार निकाय | ३करोड ५०लाख | १करोड ५०लाख | ५०लाख | ५०लाख | ५०लाख | ५०लाख |
| १८ | पर्यटकीय स्थलहरुको पहिचान र प्रचार प्रसार | | गाउँपालिका | २ लाख | ५०हजार | | १लाख | | ५०हजार |
| २० | साना तथा लघु उद्यम सञ्चालन, व्यवसायिक कृषि तथा पशुपालनमा नतिजामूखी अनुदान | गाउँपालिका ,कृषि र पशुशाखा | साझेदार निकाय | २५लाख | ५लाख | ५लाख | ५लाख | ५लाख | ५लाख |
| २१ | निर्देशक समिति र रोजगार संबाद मञ्च परिचालन | गाउँपालिका | गा.पा.र प्र.म. | १० लाख | २लाख | २लाख | २लाख | २लाख | २लाख |
| २२ | रोजगार सेवा केन्द्रको कार्यालय सञ्चालन | गाउँपालिका | गाउँपालिका र प्र.म. | २५ लाख | ५लाख | ५लाख | ५लाख | ५लाख | ५लाख |
| २३ | बैदेशिक रोजगारबाट फर्केका युवालाई रोजगार मुलक तालिम | गाउँपालिको शिक्षा युवा,खेलकुद शाखा | गा.पा. | १० लाख | २लाख | २लाख | २लाख | २लाख | २लाख |
| २४ | रणनिति योजना अध्याबधि गर्ने | रोजगार सेवा केन्द्र | गापा र प्रम रोजगार | ३लाख | | २लाख | | | १लाख |
| | जम्मा | | | ६६९,००,०००/- | १,६९,००,०००/- | १,३२,००,०००/- | १,३२,४०,००० /- | १,४७,००,००० /- | १,४२,५०,०००/- |

बोगटान फुडसिल गाउँपालिकाको रोजगार रणनीति

## खण्ड ७ : बिबिध

### ७.१. स्रोत परिचालन र वजेट व्यवस्थापन

बोगटान फुड्सिल गाउँपालिकाले वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा मार्गदर्शन रोजगार रणनीतिमा आधारित भई तर्जुमा गरिनेछ। रणनीतिको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत साधन वार्षिक बजेट तथा कार्यक्रममार्फत नियमित रुपमा प्रस्ताव गरिनेछ। आवश्यकता अनुसार विकास साझेदारीसँग समेत आर्थिक श्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ। रणनीतिको अनुमानित स्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ :

क) प्रधानमन्त्री रोजगार कार्यक्रम : ३,५०,००,०००।-

ख) गाउँपालिका : २,५०,००,०००।-

ग) साझेदार निकाय : १,५८,००,०००।-

### ७.२ रणनीतिको निर्देशक समिति, अनुगमन र मूल्याङ्कन सम्वन्धी व्यवस्था

(१) रोजगार रणनीतिको कार्यान्वयनमा सहजीकरणका लागि देहायको एक निर्देशक समिति रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष–अध्यक्ष
(ख) गाउँपालिकाको उपाध्यक्ष–सदस्य
(ग) गाउँकार्यपालिकाका सदस्यहरुमध्ये अध्यक्षले तोकेका दुईजना-सदस्य
(घ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत–सदस्य
(ङ) गाउँपालिकाको कृषि शाखाको संयोजक–सदस्य
(च) गाउँपालिकाको शिक्षा शाखाको प्रमुख-सदस्य
(छ) गाउँपालिकाको स्वास्थ्य शाखाको प्रमुख–सदस्य
(ज) गाउँपालिकाको पशु विकास शाखाको प्रमुख–सदस्य
(झ) उद्योगी व्यवसायीका संस्थाहरुमध्येबाट अध्यक्षले तोकेको एक जना–सदस्य
(ञ) निर्माण व्यवसायी संघको प्रतिनिधि एक जना-सदस्य
(ट) गाउँपालिकाभित्र रहेका सहकारी संस्थाहरुमध्ये अध्यक्षले तोकेको एक जना–सदस्य
(ठ) गाउँपालिकाभित्र कार्यरत गैरसरकारी संस्थाहरुमध्ये अध्यक्षले तोकेको एक जना–सदस्य
(ड) गाउँपालिकाको रोजगार संयोजक–सदस्य सचिव

(२) स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार :

(क) श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,
(ख) रणनीतिको कार्यान्वयनको अवस्थाको नियमित अनुगमन गरी देखिएका समस्या तथा समाधानका उपाय सहित पृष्ठपोषण दिने।
(ग) बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,
(घ) रोजगार कार्यक्रम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने,
(ङ) रणनीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्थापनका गर्न संघ, प्रदेश र अन्य सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गर्ने।

## ७.३ रोजगार सेवा केन्द्रको जनशक्ति सम्वन्धी व्यवस्था

यस रणनीतिको कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रमा देहायको जनशक्ति व्यवस्थापन गरिनेछ :

(क) रोजगार संयोजक–१ जना
(ख) रोजगार सहायक–१ जना
(ग) सव-इन्जिनियर –१ जना
(घ) फिल्ड सुपरभाईजर–१ जना
(ङ) रोजगार प्रवर्द्धक (प्राविधिक) –२ जना
(च) कार्यालय सहयोगी–१ जना

## ७.४. जोखिम व्यवस्थापन

रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ :

१. स्रोत व्यवस्थापन : स्रोत व्यवस्थापनका लागि निर्देशक समितिले अन्य सवै सरोकारवालाहरुसंग समन्वय गरी आवश्यक स्रोतको खोजी गर्न सक्नेछन् ।

२. सरकारी, गैरसरकारी र नीजि क्षेत्रबिच प्रभावकारी समन्वय : रणनीतिको कार्यान्वयनका लागि सरकारी निकायहरु, गैरसरकारी संस्थाहरु, रोजगारदाताका साथै नीजि क्षेत्रले पनि प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ । यदि उनीहरुसंग सही समन्वय हुन सकेन भने रणनीतिको कार्यान्वयनमा बाधा पर्न सक्छ । यसका लागि निर्देशक समितिले प्रभावकारी समन्वय गर्नु पर्ने देखिन्छ ।

३. गाउँपालिकाको प्राथमिकतासँगको सामञ्जस्यता : गाउँपालिकाको आवधिक योजना, बार्षिक योजनाहरुमा पूर्वाधार विकासले बढी प्राथमिकता पाईरहेको वर्तमान परिवेशमा रोजगार रणनीति कार्यान्वयनले प्राथमिकता नपाउन सक्छ । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष स्वयं निर्देशक समितिमा हुँदा यसले प्राथमिकता पाउने देखिन्छ ।

**७.५. रणनीतिको पुनरावलोकन** : यो रणनीतिकमा समावेश भएका क्रियाकलापहरुको प्रगति सम्बन्धमा प्रत्येक दुई बर्षमा समिक्षा गरिनेछ। समिक्षाका क्रममा कुनै रणनीति वा कार्यनीति हटाउन पर्ने वा संसोधन गर्नु पर्ने भए गाउँकार्यापालिकाको बैठकले संसोधन गर्न सक्नेछ ।

**७.६. अन्तिम मूल्यांकन** : रणनीति कार्यान्वयनको अन्तिम वर्ष अर्थात् पाँचौ वर्षमा अन्तिम मूल्यांकन र आगामी रणनीतिको पूर्व तयारी गरिनेछ। पाँचौ वर्षको पहिलो ६ महिना व्यतित भएपछि रणनीतिको अन्तिम मूल्यांकन प्रारम्भ गरिनेछ । रणनीतिको अन्तिम मुल्यांकन प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ । मुल्याङ्कनबाट प्राप्त अनुभव तथा पृष्ठपोषणलाई आगामी दिनमा तर्जुमा हुने रणनीति निर्माणमा उपयोग गरिनेछ ।

## ७.७. आशातित् प्रतिफल :

- बोगटान फुडसिल गाउँपालिकाभित्रका बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन भएको हुनेछ ।
- बेरोजगार व्यक्तिहरुले बजारको आवश्यकता अनुसारको सीपयुक्त तालिम प्राप्त गरी रोजगारीमा संलग्न भएका हुनेछन् ।
- गाउँपालिकाको रोजगार सेवा केन्द्र व्यवस्थित भएको हुनेछ ।

- बैदेशिक रोजगारमा जाने व्यक्तिहरुको तथ्याङ्क संकलन भई नियमित रुपमा अद्यावधिक भएको हुनेछ ।
- बेरोजगार व्यक्तिहरुको आयआर्जन सीप विकास भई आयआर्जनका क्रियाकलापमार्फत स्व-रोजगारमा संलग्न भएका हुनेछन् ।
- बैदेशिक रोजगारीमा जाने युवाहरुले छोटो अवधीको सीपयुक्त तालिम प्राप्त गरेका हुनेछन् ।
- गाउँपालिकाको नीति तथा कार्यक्रममा रोजगार रणनीति कार्यान्वयनको बिषय समावेश भएको हुनेछ ।
- स्थानीय स्रोत साधन र सीपको प्रयोग गरी स्थानीयस्तरमै लगु उद्योगहरु सञ्चालन भएका हुनेछन् ।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरु स्वदेशमै स्वरोजगार भएका हुनेछन् ।
- कृषि उत्पादनमा बृद्धि भई कृषकहरुले आफ्नो उत्पादनको उचित मुल्य प्राप्त गरेका हुनेछन् ।
- श्रमिकहरुको समान कामको समान ज्यालाको व्यवस्था भएको हुनेछ ।

बोगटान फुडसिल गाउँपालिकाको रोजगार रणनीति

अनुसूची-२
रोजगारदाताको बिवरण

रोजगारदाता प्रतिष्ठानको नाम :
ठेगाना : सम्पर्क नं.
सञ्चालकको नाम :
व्यवसायको प्रकार :
व्यवसायबाट स्वरोजगार भएको व्यक्तिहरुको संख्या :
जम्मा : महिला : पुरुष :
व्यवसायबाट रोजगार पाएका कामदारको संख्या :
जम्मा : महिला : पुरुष :

कामदारहरुको बिवरण :

| क्र.स. | नाम थर | ठेगाना | उमेर | काम सुरु गरेको मिति | तलव भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | महिला | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

बोगटान फुडसिल गाउँपालिकाको रोजगार

अनुसूची–३

बेरोजगार दर्ताका लागि दिईने निवेदन

श्री ……………ज्यू

…………………………

बिषय : बेरोजगार दर्ता गरी पाउँ ।

महोदय,

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ११ ले व्यवस्था गरे अनुसार मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा बोगटान फुडसिल गाउँपालिकाद्वारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. नाम, थर ……………………………………………

२. वतन (स्थायी)……………………………………………………

(अस्थायी)…………………………………………………

३. लिङ्ग (क) महिला (ख) पुरुष (ग) अन्य

४. पारिवारमा सदस्य संख्या :

(क) आश्रित सदस्य संख्या : (क) महिला (ख) पुरुष (ग) अन्य (घ) जम्मा

(ख) श्रमयोग्य उमेरका सदस्य संख्या : (क) महिला (ख) पुरुष (ग) अन्य (घ) जम्मा

५. आवेदक गर्भवती वा महिला भए : (क) गर्भवती (महिना) .(ख) सुत्केरी (महिना)

६. सम्पर्क बिवरण : (क) मोवाईल नं. (ख) ईमेल

७. जीवनस्तरको अवस्था

| क्र.स. | बिवरण | अवस्था | |
|---|---|---|---|
| १ | बसोबासका लागि आफ्नै घर | भएको | नभएको |
| २ | आफ्नै जमिनको कृषि उत्पादनले खान पुग्ने महिला | ६ महिना वा सो भन्दा कम | ६ महिना भन्दा बढी |
| ३ | परिवारमा अपाङ्गता भएका व्यक्तिहरु | भएको | नभएको |
| ४ | परिवारको घरमुली महिला | भएको | नभएको |
| ५ | परिवारका श्रमयोग्य उमेरका सदस्यहरु अरु पनि बेरोजगार | भएको | नभएको |

८. आवेदकको अनुभव

| कामको बिवरण | पद | रोजगारदाता | अवधी | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | | | | |

९. काम गर्न चाहेको क्षत्र

१०. काम गर्न सक्ने समय (दैनिक) …………….देखि…………………सम्म

माथी उल्लेखित व्यहोरा ठिक साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक